बैठक संख्या ...१४... मिति २०७९।०९।२८
कार्यपालिकाको निर्णय प्रमाणित

**बैठक संख्याः १४/०७९-८०, मिति २०७९।०९।२८ गतेको कार्यपालिका बैठकका निर्णयहरुः**

**निर्णय नं.:१** यस नगरपालिका २०७३ साल फागुन २८ गते स्थापना भइ हाल सम्म पनी केन्द्र नतोकिएको हुँदा सो विषयमा कार्यपालिका बैठकमा छलफल भइ गुर्भाकोट नगरपालिका वडा नं. १२ शुभाघाटमा नगरपालिकाको केन्द्र तोक्ने सो को अनुमोदनको लागि नगरसभा बैठकमा पेश गर्ने ।

**निर्णय नं.२:** यस नगरपालिकाको देहाय वमोजिम विधेयक बैठकमा वृहत छलफल भई उठान भएका विषयहरुलाई समेटी स्वीकृतको लागि नगर सभामा पेश गर्ने ।

क. गुर्भाकोट नगरपालिका उद्योग व्यवसाय विधेयक २०७९
ख. गुर्भाकोट नगरपालिका व्यापार व्यवसाय विधेयक २०७९

**निर्णय नं.:३** यस नगरपालिकाको आर्थिक ऐन (पहिलो संशोधन) विधेयक २०७९ बैठकमा छलफल भई स्वीकृतको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** यस नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरु म्याद पौष मसान्तमा सकिने भएकोले २०८० साल अषाढ मसान्त सम्म म्याद थप गर्ने र खाइपाइ आएको तलव, महंगी भत्ता २०७९ श्रावण देखि उपलब्ध गराउने ।

**निर्णय नं.५:** यस नगरपालिकको वर्षातको समयमा क्षेती भएका, अधुरा रहेका र अन्य तपशिलका योजनाहरु भैपरी आउने पूजिगतवाट तपशिल रकम विनियोजन गर्ने ।

१. कुरिल्ले देखि धारापानी जाने सडक सरसफाई वडा नं. ३ रु. ७०००००।-
२. सडक मर्मत वडा नं. ११ रु. १७५०००।-
३. शहरीस्वास्थ्य बाँयाकाडा अधुरो प्रतिक्षालय निर्माण वडानं. ३ रु. ८३०००
४. अस्थायी प्रहरी चौकी बोटचौर विद्युत र पानी विल भुक्तानी रु. ९००००।-

**निर्णय नं. ६:** माघि सक्रान्तीको अवसरमा मेहेलकुनामा आदिवासी जनजातीको माघसक्रान्ती मेलाको व्यवस्थापनको लागि रु. २,५०,०००।- रकम महिलाबालवालिका शाखाको सि.नं. ४ आदीवासी जनजाती कार्यक्रमवाट उपलब्ध गराउने ।

**निर्णय नं. ७:** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ अनुसार यस नगरपालिकाको चालु आ.व. २०७९।०८० को हाल सम्मको अनुमानित आय व्ययमा १० प्रतिशत थप गरी आगामी आ.व. २०८०।०८१ आय व्ययको अनुमानित प्रक्षेपण सम्वन्धित मन्त्रालयमा पठाउने ।

**निर्णय नं.८:** यस नगरपालिका वडा नं. १ का वडा अध्यक्ष राम बहादुर शाही शक्त रुपमा विरामी भएको र पूर्व कार्यपालिका सदस्य श्री मनिसरा थापा प्यरालाइसिस भइ उपचार खर्चको लागि माग भएकोले निजहरुको उपचारको लागि रु. २००००।- का दरले आर्थिक सहायता उपलब्ध गराउने । ।

**निर्णय नं. ९:** यस नगरपालिकाको वार्पिक स्वीकृत कार्यक्रमका तपशिलका योजनाहरु संशोधन स्वीकृतको लागि नगर सभा बैठकमा पेश गर्ने ।

तपशिल